# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/७८
चलानी नं. :- 9506

मिति :- २०७८।०१।२३

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री सम्पूर्ण विद्यालयहरु,
विहादी गाउँपालिका, पर्वत ।

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोरनाको विषम परिस्थितिले विद्यालयमा नियमित पठनपाठन हुन नसकेको सर्व विदितै छ । तत्काल विद्यालयहरु नियमित रुपमा सञ्चालन हुने र पुर्ववत रुपमा फर्कने अवस्था देखिदैन । वैकल्पिक माध्यमबाट नै सिकाइ सहजीकरण गर्ने काम निरन्तर चलिरहेकै छ । यो महामारी सँग जुध्दै आफू, आफ्नो परिवार र आफ्नो समाज सुरक्षित राख्ने हामी सबैको कर्तव्य हो । यसै सन्दर्भमा विहादी गाउँकार्यपालिकाको मिति २०७८।०१।२१ को बैठकबाट आफ्नो टोललाई सुरक्षित राख्ने गरी सम्बन्धित टोलमा बस्ने शिक्षक, जनप्रतिनिधी, टोल सुधार समिति, लगायत सम्पूर्ण सरोकारवालाहरुलाई परिचालन गरी जनचेतना फैलाउने, सुरक्षित रहने उपायहरु अपनाउन लगाउने, सम्बन्धित निकायमा सूचनाहरु प्रवाह गर्ने लगायतका कार्यहरु गराउने भन्ने निर्णय भएकाले सो निर्णय कार्यान्वयनमा तहाँ विद्यालयमा कार्यरत शिक्षक कर्मचारी मार्फत सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

०७८/१/२३

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत